संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ६०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल भदौ १७ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर समय माग गर्नुहुँदै निम्नलिखित मा० सदस्यहरुले त्रिभुवन विश्वविद्यालयको कार्यकारीको बैठकमा नेपाल विद्यार्थी संघका विद्यार्थीहरुले खोसेका सम्पूर्ण कागजपत्रहरु शिक्षा मन्त्रीले बुझेको तर उक्त घटनामा संलग्नलाई कुनैपनि कारवाही नभएको, सम्माननीय सभामुखले त्रिभुवन विश्वविद्यालायको समस्या समाधान गर्न सरकारको नाममा गर्नुभएको रुलिङ्गको समेत वेवास्ता भएको, दोलखा जिल्ला गौरीशंकर गाउँपालिकामा लगातारको वर्षाको कारण जनधनको ठूलो क्षति भएकोले अविलम्ब उक्त क्षेत्रमा राहत तथा उद्दार उपलब्ध गराउनु पर्ने, मधेशका विभिन्न जिल्लामा मिटरब्याजी साहुको कारण दुःख पाएका जनताले काठमाडौंमा आन्दोलन गरिरहेको प्रति ऐक्येवद्धता रहेको, यस्ता मिटरब्याजीहरुलाई सरकारले समयमै कानुनी दायरमा ल्याई कारवाही गर्नुपर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री पदम गिरी
२. मा० श्री जीपछिरिङ लामा
३. मा० श्री गिरिराजमणि पोखरेल

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री मिना सुब्बा
२. मा० श्री मैना कुमारी भण्डारी
३. मा० श्री रंगमती शाही
४. मा० श्री राजेन्द्र कुमार के.सी.
५. मा० श्री राजेन्द्र कुमार राई
६. मा० श्री रामविर मानन्धर
७. मा० श्री रेनुका गुरुङ्ग

त्यसपछि सम्माननीय सभामुखले आजको निर्धारित कार्यसूचीको क्रममा सामान्य हेरफेर गरेको जानकारी गराउनु भयो ।

तत्पश्चात मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले राष्ट्रिय सभाको सन्देश सहितको "नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ माथि विचार गरियोस्" माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त राष्ट्रिय सभाको सन्देश सहितको "नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री अञ्जना विसंखे
३. मा० श्री प्रकाश रसाइली (स्नेही)
४. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री दिल कुमारी
७. मा० श्री नवराज सिलवाल
८. मा० श्री दिव्यमणि राजभण्डारी
९. मा० श्री चाँदतारा कुमारी
१०. मा० श्री खेमप्रसाद लोहनी

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री ज्ञानेन्द्र बहादुर कार्कीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रिय सभाको सन्देश सहितको "नेपाल मिडिया काउन्सिल विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल भदौ १९ गते आइतबार दिनको २:०० बजे बस्नेगरी आजको बैठक दिनको २:४० बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव